जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक १९६ • २०८३ बैशाख २४ गते विहिवार • 7 May 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## जनमत पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिए पनि सरकारसँग बहुमत कायमै

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २३ बैशाख**

मधेश प्रदेश सरकारमा सहभागी भएका जनमत पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिए पनि सरकारसँग बहुमत कायमै छ । प्रदेश प्रमुखको कार्यालय मधेश प्रदेशको शाखा अधिकृत कृष्ण ठाकुरले बुधबार विज्ञप्ति जारी गर्दै जनमत पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएको जानकारी दिनुभएको थियो ।

विज्ञप्तिमा संविधानको धारा १६८ को उपधारा (२) बमोजिम गठन भएको मधेश प्रदेश सरकारलाई वैशाख २२ गतेदेखि जनमत पार्टीले समर्थन फिर्ता लिएको उल्लेख गरिएको छ । जनमत पार्टी मधेश प्रदेश संसदीय दलका नेता चन्दन सिंहसहितका जनमत पार्टीका प्रदेशसभा सदस्यहरुले वैशाख २२ गते मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको पत्र दर्ता गराएको थियो । प्रदेश प्रमुखको कार्यालयले आज विज्ञप्ति जारी गर्दै जानकारी गराएको प्रदेश प्रमुखको कार्यालय



मधेश प्रदेशका सचिव नारायणप्रसाद दहालले जानकारी दिनुभयो । जनमत पार्टीले मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको मधेश प्रदेश सरकारलाई ३० दिनभित्र विश्वासको मत लिनुपर्ने हुन्छ ।

कानुनी व्यवस्थाअनुसार सरकारमा सहभागी कुनै पनि दलले सरकारलाई दिएको समर्थन फिर्ता लिएमा ३० दिन भित्रमा विश्वासको मत लिनुपर्ने व्यवस्था छ । जनमत पार्टीले मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिए पनि मधेश प्रदेश सरकारसँग बहुमत कायम छ । मधेश प्रदेश सभामा हाल १०२ जना प्रदेशसभा सदस्य कायम रहेको र बहुमतको लागि ५२ जना प्रदेशसभा सदस्य चहिन्छ । मुख्यमन्त्री यादवसँग अहिले पनि सरकारमा सहभागी नेपाली कांग्रेसको २२ जना, जसपा नेपालको १८, नेपाली कम्युनिष्ट पार्टीको १५ र लोसपा नेपालको आठ जना प्रदेशसभा सदस्यको समर्थन छ । सरकारमा सहभागी दल बाहेक मुख्यमन्त्री यादव नेतृत्वको सरकारलाई प्रदेशसभामा नेकपा (एमाले) र नेपाल संघीय समाजवादी पार्टीले समर्थन जनाएको छ । जनमत पार्टीले

बांकी पृष्ठ २ मा ।

## शहीदनगरको १४औं नगरसभा सम्पन्न




**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, २३ बैशाख**

शहीदनगर नगरपालिकाको १४औं नगरसभा हिउँदे अधिवेशन सम्पन्न भएको छ। नगरप्रमुख दिनेश प्रसाद यादवको अध्यक्षतामा सम्पन्न सभामा उपप्रमुख सुनिता सिंह विशिष्ट अतिथिका रूपमा सहभागी हुनु भएको थियो ।

सभामा नगरपालिकाका प्रशासकीय अधिकृत अनिल कुमार झाले स्वागत मन्तव्य व्यक्त गर्दै सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउन जोड दिनुभयो। कार्यक्रममा वडा अध्यक्ष उमेश निरालासहित विभिन्न वडाका अध्यक्ष तथा सदस्यहरूको सहभागिता रहेको थियो । नगरसभाले जनप्रतिनिधिहरूलाई पूर्ण समय कार्यालयमा उपस्थित भई सेवाप्रवाहलाई नियमित र प्रभावकारी बनाउन निर्देशन दिएको छ। विशेषगरी वडा अध्यक्ष तथा वडा सदस्यहरूलाई नागरिकको काममा ढिलासुस्ती नगर्न सचेत गराइएको छ ।

आर्थिक वर्ष २०८२/८३ का लागि नगरपालिकाले कुल ६२ करोड ७२ लाख ३५ हजार ४ सय ८ रुपैयाँ बजेट विनियोजन गरेको जनाएको छ। सोमध्ये चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म चालु तर्फ १० करोड १६ लाख ५४ हजार ४ सय ३ रुपैयाँ ६० पैसा (५७.२ प्रतिशत) खर्च भएको छ भने पूँजीगत तर्फ २६.३७

बांकी पृष्ठ २ मा ।







**आगलागी**

एक छिनको लापरबाही, बन्न सक्छ ठूलो तबाही ।
पहिल्यै सोचौं, होऔं सावधान, आगलागीबाट जोगाऔं घरपरिवार ।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम




# ईङ्गलिस मेडियमको नाउँमा अबैध रकम असुली बन्द गराऊ

जनकपुरधाम उपमहानगरभित्र संचालित केहि सामुदायिक विद्यालयहरुले ईङ्गलिस मेडियमको नाउँमा विद्यार्थीहरुबाट अबैध रकम असुली गरेको पाइएको छ । यस पालिकाभित्र संचालित श्री गोगल प्रसाद नमुना मा.वि.,श्री संकट मोचन मा.वि.तथा श्री याज्ञबाल्क्य संस्कृति मा.वि.ले विद्यार्थीहरुबाट ईङ्गलिस मेडियमको नाउँमा विद्यार्थीहरुबाट कक्षा अनुसार मासिक १ हजारदेखि माथिसम्म शुल्क अबैध रुपमा लिने गरेको तथ्य अभिभावक तथा विद्यार्थीहरुबाट बाहिरिएको छ । यति मात्र होइन श्री गोगल प्रसाद नमुना मा.वि. तथा श्री याज्ञबाल्क्य संस्कृत मा.वि.ले विद्यार्थीहरुबाट बस प्रयोग गरे बापत मासिक रुपमा कम्तिमा २ हजारको दरले लिने गरेको अभिभावकहरुबाट बुझिएको छ जबकी यी विद्यालयका सबारी साधनहरु नेपाल भारत सहयोग,जनकपुरधाम उपमहानगरपालिका तथा विद्यालयको स्रोतबाट खरिद गरि संचालन गरिएका छन् । केहि दिन अघि जनकपुरधाम उपमहानगरपालिका वडा नं.– ४ को वडा सदस्य प्रशन्न झाले समेत श्री संकट मोचन मा.वि.ले विद्यार्थीहरुबाट १ हजार २ सयको दरले अबैध रुपमा रकम असुलि गरेको तथ्य सामाजिक संजाल मार्फत जानकारी गराएका थिए । नेपाल सरकारले ईङ्गलिस मेडियममा सामुदायिक विद्यालयले कक्षा संचालन गर्नै पर्छ भनेर कहि पनि भनेको छैन । यसरी ईङ्गलिस मेडियमको नाउँमा विद्यार्थीहरुबाट असुलि हुने शुल्क र खर्च कटाई बाँकी रहेको रकम कहाँ जम्मा हुने गरेको तथ्य समेत स्पष्ट नभएकोले यसलाई खोजि गर्नु पर्ने जरुरी रहेको देखिन्छ । ईङ्गलिस मेडियममा सामुदायिक विद्यालयमा पढाउनु राम्रो कुरा हो तर नेपाल सरकारले कुनै पनि बहानामा सामुदायिक विद्यालयले विद्यार्थीहरुबाट रकम असुलि गर्न पाईदैन भनेर निर्देशन दिए पनि अहिलेसम्म सोझा तथा गरिब अभिभावकहरुबाट अबैध रुपमा रकम असुलि गर्नु कहाँसम्म जायज हो ? धनुषा शिक्षा तथा समन्वय ईकाई,जनकपुरधाम उपमहानगरपालिका,अभिभावक संघ तथा नागरिक समाजले यस कार्यलाई अबिलम्ब रोक्न लगाई विद्यालयको स्रोत साधनबाट चल्न सक्ने सामुदायिक विद्यालयले अबैध रुपमा वर्षौंदेखि लिने गरेको नि:शुल्क बसको बस भाडा तथा अन्य शुल्क अभिभावकहरुलाई फिर्ता समेत गराउँनु पर्ने आवश्यकता रहेको देखिन्छ ।

# सांसदहरूको उपस्थिति प्रणालीलाई आधुनिक बनाउँदै विद्युतीय हाजिरी प्रणाली लागू गर्ने तयारी



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २३ बैशाख**

संघीय संसद सचिवालयले सांसदहरूको उपस्थिति प्रणालीलाई आधुनिक बनाउँदै विद्युतीय हाजिरी प्रणाली लागू गर्ने तयारी गरेको छ । यसका लागि बिहीबारदेखि सांसदहरूको बायोमेट्रिक विवरण संकलन सुरु गरिने भएको छ ।

सचिवालयले बुधबार सूचना जारी गर्दै विद्युतीय हाजिरी प्रयोजनका लागि आवश्यक बायोमेट्रिक विवरण उपलब्ध गराउन सबै सांसदहरूलाई आह्वान गरेको हो । विवरण संकलनका क्रममा औपचारिक फोटोसमेत लिइने भएकाले संसद्को लोगोयुक्त औपचारिक पोशाकमा उपस्थित हुन निर्देशन दिइएको छ ।

संसदीय समितिहरूको कार्यतालिका अनुसार बायोमेट्रिक संकलनका लागि समय र स्थान फरक फरक निर्धारण गरिएको छ । बिहीबार बिहान १० बजेदेखि १२ बजेसम्म अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समिति र विकास, आर्थिक मामिला तथा सुशासन समितिका सदस्यहरूको विवरण सार्वजनिक लेखा समितिको हलमा संकलन गरिनेछ । त्यसैगरी, अर्थ समिति र विधायन व्यवस्थापन समितिका सदस्यहरूलाई अर्थ समितिको हलमा उपस्थित हुन भनिएको छ । उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका साथै कानुन, न्याय तथा मानवअधिकार समितिका सदस्यहरूको विवरण पनि बिहीबार दिउँसो २ देखि ४ बजेसम्म सम्बन्धित हलहरूमा संकलन गरिनेछ । शुक्रबार कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति, संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति, पूर्वाधार विकास समिति र सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका सदस्यहरूको विवरण बिहान १० देखि १२ बजेसम्म संकलन गरिनेछ । त्यसैगरी, महिला तथा सामाजिक मामिला समिति र राज्य व्यवस्था तथा सुशासन समितिका सदस्यहरूलाई दिउँसो २ देखि ४ बजेसम्म उपस्थित हुन भनिएको छ । सार्वजनिक लेखा समिति र शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सदस्यहरूको बायोमेट्रिक विवरण बैशाख २८ गते बिहान १० देखि १२ बजेसम्म सम्बन्धित हलमा संकलन गरिने सचिवालयले जनाएको छ । संसद सचिवालयका अनुसार विद्युतीय हाजिरी प्रणाली लागू भएपछि सांसदहरूको उपस्थितिलाई अझ पारदर्शी र प्रभावकारी बनाउने विश्वास गरिएको छ ।

# 'लागुऔषध सेवनकर्ता खोजी तथा सुधार अभियान २०८३' सञ्चालन



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २३ बैशाख**

धनुषा जिल्लामा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत 'लागुऔषध सेवनकर्ता खोजी तथा सुधार अभियान २०८३' सञ्चालन गर्ने विषयमा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेलको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डल प्रमुख अतिथिको रूपमा उपस्थित रहेका थिए ।

कार्यक्रममा सिमानाका आसपासका स्थानीय तहका प्रमुख, वडा अध्यक्षहरू तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । सहभागीहरूले जिल्लामा बढ्दो लागुऔषध दुर्व्यसन न्यूनीकरणका लागि संयुक्त पहल आवश्यक रहेकोमा जोड दिए । छलफलमा विशेष गरी सीमावर्ती क्षेत्रबाट हुने लागुऔषध ओसारपसार नियन्त्रण, जोखिम समूहको पहिचान, सचेतना अभिवृद्धि तथा उपचार र पुन:स्थापनालाई प्रभावकारी बनाउने विषयमा विस्तृत छलफल भएको जनाइएको छ । प्रहरी र स्थानीय तहबीचको सहकार्यलाई अझ सुदृढ गर्दै अभियानलाई प्रभावकारी रूपमा अघि बढाउने सहमतिसमेत कार्यक्रमबाट गरिएको छ ।

## *शहीदनगरको १४औँ नगरसभा................*

प्रतिशत मात्र खर्च भएको जानकारी दिइएको छ। केन्द्र सरकारबाट प्राप्त सशर्त अनुदानतर्फ चालु खर्च ५२.२९ प्रतिशत रहेको छ भने पूँजीगत खर्च ११.३५ प्रतिशत मात्रै भएको देखिएको छ। यता, प्रदेश सरकारबाट प्राप्त रकम निकासामा समस्या भएका कारण हालसम्म खर्च शून्य रहेको जनाइएको छ । नगरपालिकाले आगामी दिनमा बजेट कार्यान्वयनलाई तीव्रता दिँदै विकास निर्माणका कार्यलाई प्रभावकारी बनाउने प्रतिबद्धता जनाएको छ ।

## *जनमत पार्टीले सरकारलाई....................*

सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मधेश प्रदेशमा सरकार ढाल्न र सरकार जोगाउने विषयमा नेताहरुको दौडधुप सुरु भए पनि नेकपा (एमाले) संसदीय दल मधेश प्रदेशका नेता सरोज यादवले आफूहरु सरकार गिराउने र बनाउने खेलमा नलागेको बताउनुभयो ।

## तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: अनावश्यक खर्चको संभावना
मिथून: लामो यात्राको योग छ
कर्कट: मनमा पछुतो आउने
सिंह: पिछडेको साथी मिल्ने
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: आम्दानी हुने
वृश्चिक: खानपानमा समस्या आउने
धनु: अनावश्यक चिन्ता
मकर: विचार गरेर बोल्नुहोला
कूम्भ: मित्रतामा फाटो आउने
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव



**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# ऋणमा डुबेको पाकिस्तानले ५० वर्षपछि पुनः थाल्यो मदिरा निर्यात

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २३ बैशाख**



ऋणमा डुबेको पाकिस्तानले ५० वर्षपछि अन्य देशहरूमा मदिरा बेच्न पुनः शुरू गरेको छ। देशको एक मात्र स्थानीय कम्पनी, मारी ब्रुअरीले गत अप्रिलमा बेलायत, जापान, पोर्चुगल र थाइल्याण्ड जस्ता देशहरूमा बियर र अन्य मादक पेय पदार्थ निर्यात गरेको थियो।

कम्पनीका निर्यात प्रबन्धक रमीज शाहका अनुसार भविष्यमा उत्पादन विस्तार गर्ने योजनाका साथ प्रारम्भिक विदेशी नेटवर्क स्थापना भइरहेको छ। इस्लामिक नियमहरू उद्धृत गर्दै लगभग ५० वर्ष पहिले पाकिस्तानमा मुस्लिम जनसंख्याको लागि मदिरा प्रतिबन्ध लगाइएको थियो। यसपछि मदिरा निर्यात पनि रोकिएको थियो। यद्यपि पाकिस्तानमा गैर-मुस्लिमहरूका लागि केही छुटहरू उपलब्ध थिए। पाकिस्तानी सरकारले २०२५ मा मदिरा निर्यातलाई अनुमति दिएको थियो र अब इस्लामिक सहयोग संगठन (ओआईसी) को हिस्सा नभएका देशहरूमा आपूर्ति पुनः शुरू गरिएको छ। पाकिस्तानको विदेशी ऋण १३८ अर्ब डलर छ। मिडिया रिपोर्टहरूका अनुसार पाकिस्तानी सरकारको आम्दानी र खर्च बीच उल्लेखनीय खाडल छ। २०२६ आर्थिक वर्षको लागि सरकारको वास्तविक आम्दानी लगभग ११,०७२ अर्ब पाकिस्तानी रुपैयाँ (४० अर्ब डलर) अनुमान गरिएको छ, जबकि खर्च १६,२८६ अर्ब रुपैयाँ (५८ अर्ब डलर) पुगेको छ। यसमध्ये लगभग ८,२०० अर्ब रुपैयाँ (३० अर्ब डलर) केवल ऋणको ब्याज भुक्तानीमा खर्च गरिएको छ। पाकिस्तानमा हाल लगभग ३८,६४० अर्ब पाकिस्तानी रुपैयाँ (१३८ अर्ब डलर) को बाह्य ऋण छ। यसमा सरकारी ऋण, साथै निजी क्षेत्र, बैंक र कम्पनीहरूको दायित्व समावेश छ। यसमध्ये लगभग २५,७६० अर्ब पाकिस्तानी रुपैयाँ (९२ अर्ब डलर) सरकारी ऋण हो।

# अभिनेता विजयको पार्टीलाई समर्थन गर्ने कांग्रेसको संकेत

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २३ बैशाख**



भारतीय राष्ट्रिय कंग्रेसले तमिलनाडुमा दक्षिण भारतीय चलचित्रका चर्चित अभिनेता विजयको राजनीतिक पार्टी तमिलगा भेट्री कझगम (टीभीके) लाई समर्थन गर्ने संकेत दिएको छ। कंग्रेस महासचिव केसी वेणुगोपालले टीभीकेका प्रमुख विजयले नयाँ सरकार गठनका लागि कंग्रेससँग समर्थन मागेको खुलासा गरेका हुन्।

वेणुगोपालले तमिलनाडुको चुनावी नतिजाबारे टिप्पणी गर्दै भनेका छन्, 'कंग्रेसको स्पष्ट मान्यता छ कि तमिलनाडुमा जनताले धर्मनिरपेक्ष सरकारको पक्षमा जनमत दिएका छन्, जुन सरकार संविधानको मर्म र भावना दुवैको रक्षा गर्न प्रतिबद्ध होस्।' उनले भारतीय जनता पार्टी (भाजपा) र उसका सहयोगी दलहरूले कुनै पनि हालतमा तमिलनाडुको सत्ता सञ्चालन नगरून् भन्ने कंग्रेसको चाहना रहेको बताए। टीभीके प्रमुख विजयले पनि कंग्रेसका ऐतिहासिक नेता कामराजबाट प्रेरणा लिएर अघि बढ्ने कुरा उल्लेख गरेको वेणुगोपालले जनाएका छन्।

यसै सन्दर्भमा कंग्रेस नेतृत्वले तमिलनाडु कंग्रेस कमिटीलाई स्थानीय जनभावना र चुनावी जनादेशलाई ध्यानमा राख्दै विजयको प्रस्तावमाथि अन्तिम निर्णय लिन निर्देशन दिइसकेको छ। तमिलनाडुको हालै सम्पन्न चुनावमा कुल २३४ सिटमध्ये अभिनेता विजयको पार्टी टीभीकेले १०८ सिट जित्दै सबैभन्दा ठूलो दल बनेको छ। यद्यपि, सरकार गठनका लागि आवश्यक बहुमत अर्थात् ११८ सिट पुऱ्याउन टीभीकेलाई थप १० सिटको आवश्यकता पर्छ। यसै चुनावमा कंग्रेसले ५ सिट जितेको छ।

# एफएनसीसीआईको नयाँ नेतृत्वको मतपरिणाम आउन थाल्यो

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २३ बैशाख**



नेपाल उद्योग वाणिज्य महासङ्घ एफएनसीसीआईको नयाँ नेतृत्व चयनका लागि भएको निर्वाचनको मतपरिणाम सार्वजनिक हुन थालेको छ।

महासङ्घको ६०औं वार्षिक साधारणसभा मङ्गलबार सम्पन्न भएको थियो। नयाँ कार्यसमितिको निर्वाचनबाट जिल्ला नगर खुलातर्फको नतिजा सार्वजनिक भएको छ। जिल्ला नगर खुलातर्फ अर्जुनकुमार श्रेष्ठ, उज्ज्वलप्रसाद कसजु, केशवप्रसाद भण्डारी, कृष्ण कटुवाल, गोकुल श्रेष्ठ, छत्रधर आत्रेय, दासुराज पोखरेल, ताराबहादुर कार्की, दीपक नेपाल, प्रयास कार्की र मञ्जुकुमारी श्रेष्ठ कोजू निर्वाचित भएका छन्। त्यस्तै मोहनप्रसाद श्रेष्ठ, युवराज राजभण्डारी, राजु न्यौपाने, लक्ष्मणराज पौडेल, लालीमान बुढा, विष्णुप्रसाद थपलिया, शङ्कर गिरी, शिवप्रसाद मानन्धर निर्वाचित भएका छन्। यस्तै सन्तोष खड्का, सुदर्शन कार्की, हरिप्रसाद अर्याल विजयी भएका छन्। यस्तै महासङ्घको द्विराष्ट्रिय सदस्यमा मनोज पौडेल विजयी भएका छन्।

अन्य पदको भने मतगणना जारी छ। महासङ्घको ७३ पदका लागि निर्वाचन भएको हो। जसमा एक सय ३७ उम्मेदवार छन्। महासङ्घ विधानअनुसार वर्तमान वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठ स्वतः अध्यक्ष बन्नेछन् भने बाँकी चार उपाध्यक्षसहित ७३ पदका लागि निर्वाचन भएको हो।

साधारण सभाबाट निर्वाचित कार्यसमितिले वरिष्ठ उपाध्यक्ष र कोषाध्यक्ष चयन गर्नेछ। कमलादीस्थित प्रज्ञा भवनमा मंगलबार मतदान भएको थियो। हेमराज ढकाल र शिवप्रसाद घिमिरेको प्यानल मैदानमा रहेको छ।

# एनपीएलको अडिट रिपोर्ट माग्दै क्यान उपाध्यक्ष सिंहसहित ९ जनाले राखेप गुहारे

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २३ बैशाख**




नेपाल क्रिकेट सङ्घ (क्यान) बाट अडिट रिपोर्टसहित विभिन्न सूचनाहरू नपाएको भन्दै क्यानकै उपाध्यक्ष रोशन सिंहसहित ९ जनाले राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा निवेदन दिएका छन्।

वैशाख २१ गते राखेपमा बुझाएको निवेदनमा उपाध्यक्ष सिंहसहित ९ जनाको नाम छ भने ७ जनाले हस्ताक्षर गरेका छन्। उपाध्यक्ष सिंहसहित केन्द्रीय सदस्यहरू प्रदीप मजगैयाँ, माधव कर्माचार्य, वीरेन्द्र चन्द, जयन्ती भट्ट, अर्जुन पौडेल र दुर्गाराज पाठकले निवेदनमा हस्ताक्षर गरेका छन् भने दिवाकर घले र विक्रम विष्टको हस्ताक्षर छैन। निवेदनमा उनीहरूले सङ्घभित्र देखिएका गम्भीर वित्तीय, प्रशासनिक, प्रक्रियागत तथा सुशासनसम्बन्धी विचलनहरूप्रति ध्यानाकर्षण गराउँदै प्रचलित कानुनबमोजिम आवश्यक सूचना उपलब्ध गराई सुशासन कायम गर्न आग्रह गरेका छन्। क्यानले एनपीएलको पहिलो र दोस्रो संस्करणसम्बन्धी पूर्ण आयव्यय विवरण, अडिट रिपोर्ट, सम्झौता/करारनामा र भुक्तानी तथा वित्तीय कारोबार सम्बन्धमा आठ बोर्ड सदस्यहरूले बारम्बार औपचारिक रूपमा माग गर्दा पनि हालसम्म उपलब्ध नगराएको र यो प्रशासनिक कमजोरी मात्र नभई वित्तीय अनियमितताको स्पष्ट सङ्केत भएको जनाएका छन्। यस्तै, क्यानले बोर्ड बैठककै अवहेलना गर्दै सामूहिक निर्णय प्रक्रियामाथि अवज्ञा गरेको पनि निवेदनमा उल्लेख छ। क्यानले बोर्ड सदस्यहरूले पाउनुपर्ने सूचना पनि उपलब्ध नगराउने र सूचनाको हककै उल्लङ्घन गर्नेजस्ता काम गरेको निवेदनमा भनिएको छ।

आन्तरिक बोर्ड बैठक र छलफलबाट माग सम्बोधन नभएपछि उपाध्यक्षसहित ८ बोर्ड सदस्यले सुशासन सम्बन्धी विभिन्न मागसहित एनपीएलको पहिलो सिजनको हिसाबकिताब माग गर्दै २०८२ जेठ ३१ गते क्यान अध्यक्षलाई ध्यानाकर्षण गराए पनि सम्बोधन नभएको उनीहरूको आरोप छ।

# बालेन सरकारले संवैधानिक परिषद् नियन्त्रणमा राख्न प्रपञ्च रचिरहेको छ - गगन थापा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २३ बैशाख**



नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले सरकारले संवैधानिक परिषद् आफ्नो नियन्त्रणमा राख्नको लागि ठूलो प्रपञ्च रचिरहेको आरोप लगाएका छन्।

बुधबार कांग्रेस संसदीय दलको बैठकपछि उनले सरकारले आफ्नो खल्तीबाट निकालिएको नामलाई प्रधानन्यायाधीश बनाउने जालझेल गरिरहेको भन्दै आपत्ति जनाएका हुन्। उनले भने, 'भोलि ५ बजे संवैधानिक परिषद्को बैठक बोलाइएको छ। प्रधानन्यायाधीश कसलाई बनाउने भन्ने विषयमा रास्वपाले एउटा सोच बनाएको छ। त्यो प्रधानन्यायाधीश बनाउने पात्र प्रस्तुत गर्छ। सँगै तर्क प्रस्तुत गर्छ र यसको आधारमा संवैधानिक परिषद्बाट निर्णय गराउँछ भनेर हाइन। प्रस्ताव गरेको पात्र पारित गराउँछु भनेर। कस्तो जालझेल गरिएको छ भने प्रधानमन्त्री, सभामुख र कानूनमन्त्रीले पारित गरेको कुरा बहुमत हुन्छ भनेर आफ्नो खल्तीबाट निकालिएको नामलाई प्रधान्यायाधीश बनाउने। यो कुरा सोचेर यसरी संवैधानिक परिषद् आफ्नो नियन्त्रण राख्नको लागि यस्तो ठूलो प्रपञ्च रचिसकेको छ।' उनले विगतमा प्रधानमन्त्रीले आफ्नो मान्छेलाई ल्याउन खोज्दा आफूहरूले रोकेको भन्दै अहिले अध्यादेश नै ल्याएको कारण रोक्न नसकेको बताए। यसमा कांग्रेसको आपत्ति र प्रश्न दुवै रहेको उनले बताए। 'सभापति थापाले भने, 'पहिले प्रधानमन्त्रीले यस्तै गर्दा हामीले रोक्न सक्यौं तर अहिले सकेनौं किनकि त्यो अध्यादेश बनेर गयो।

# संविधान संशोधन कार्यदलद्वारा पूर्वमहान्यायाधिवक्तासँग छलफल

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २३ बैशाख**



संविधान संशोधनका लागि बहसपत्र तयार गर्न गठित कार्यदलले आज पूर्वमहान्यायाधिवक्ता तथा कानुन क्षेत्रका विज्ञहरुसँग परामर्श गरेको छ। प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा गठित कार्यदलले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उक्त छलफल गरेको हो।

छलफलमा सहभागी पूर्वमहान्यायाधिवक्ताहरुले शासकीय स्वरुप, निर्वाचन प्रणाली, सङ्घीय संरचना, न्यायपालिकाको पुनःसंरचना, संवैधानिक निकायको सङ्ख्या तथा समावेशितालगायत विषयमा आ-आफ्ना सुझाव प्रस्तुत गर्नुभएको थियो। पूर्वमहान्यायाधिवक्ता डा युवराज सङ्ग्रौलाले संविधान संशोधनको उद्देश्य र आवश्यकता स्पष्ट रूपमा परिभाषित गर्न कार्यदललाई सुझाव दिनुभयो। उहाँले स्थानीय तहलाई गैरदलीय बनाउने, प्रदेश प्रमुख प्रत्यक्ष निर्वाचित हुने व्यवस्था गर्न सकिने तथा केही अन्तरराष्ट्रिय अभ्यास अध्ययन गर्नुपर्ने बताउनुभयो। पूर्वमहान्यायाधिवक्ता सविता भण्डारीले संविधान वा कानुनभन्दा त्यसको कार्यान्वयन गर्ने सोच र आचरण महत्वपूर्ण हुने बताउनुभयो। उहाँले शासकीय स्वरुप परिवर्तन आवश्यक नरहेको धारणा राख्दै विज्ञसँगै सांसदलाई मन्त्री बन्न पाउने व्यवस्था उपयुक्त हुने उल्लेख गर्नुभयो।

# प्रश्नको घेरामा मधेशी जेन-जी




-जेन-जी आन्दोलनमा मधेशले के पायो ? यथार्थ के हो भने मधेशले उपलब्धि होइन, अवसर मात्र पायो । आन्दोलनमा मधेशी युवाको सहभागिता देखियो, तर मधेशका मुद्दा आन्दोलनको केन्द्रीय एजेन्डा बन्न सकेनन् । मधेश आन्दोलनले राज्य संरचनामा मधेशी समुदायमाथि भएको दीर्घकालीन विभेद र बहिष्करणविरुद्ध आवाज उठायो, तर व्यवहारमा उपलब्धिहरू सीमित रहे । जेन-जी आन्दोलनले प्रणाली परिवर्तनको माग गरे पनि मधेशका मुद्दा स्पष्ट रूपमा उठ्न सकेनन् र सामूहिक बार्गेनिङ फोर्स निर्माण गर्न मधेशी जेन-जी चुके । अब मधेशी जेन-जीका लागि आत्मसमीक्षा गर्दै पहिचान र प्रणाली सुधारको राजनीति जोडेर नीति निर्माण र सत्ता संरचनाभित्र न्याय खोज्ने दीर्घकालीन संघर्ष आवश्यक छ । नेपालको राजनीतिक इतिहास आन्दोलनहरूको इतिहास हो ।

तर हरेक आन्दोलनले समान उपलब्धि र समान न्याय दिएको छैन । २०६३/६४ को मधेश आन्दोलन र हालसालै भएको जेन-जी आन्दोलन, यी दुई आन्दोलन फरक समय, फरक भाषा र फरक शैलीमा देखिए पनि अन्ततः एउटै राज्य संरचनासँग प्रश्न गरिरहेका आन्दोलन हुन् । आज यी दुई आन्दोलनको संगममा उभिएको एउटा पुस्ता छ- मधेशी जेन-जी, जसको भूमिकामाथि, उपलब्धि माथि र भविष्यको दिशामाथि गम्भीर प्रश्न उठिरहेका छन् । मधेश आन्दोलन नेपालको राज्य संरचनामा मधेशी समुदायमाथि भएको दीर्घकालीन विभेद, बहिष्करण र अपमानविरुद्ध सुरु भएको राजनीतिक, सामाजिक आन्दोलन हो । नागरिकताको समस्या, राज्य संयन्त्रमा न्यून प्रतिनिधित्व, सुरक्षा निकाय र प्रशासनमा पहुँचको अभाव, भाषा र संस्कृतिको अवमूल्यन- यी सबै मधेश आन्दोलनका केन्द्रीय कारण थिए । यस आन्दोलनको लक्ष्य केवल केही माग पूरा गराउनु मात्र होइन, राज्य-नागरिक सम्बन्धलाई पुनः परिभाषित गर्नु थियो । यही आन्दोलनको दबाबका कारण संघीयता, समावेशिता र समानुपातिक प्रतिनिधित्व जस्ता अवधारणाहरू संविधानमा प्रवेश गरे । तर मधेश आन्दोलनको उपलब्धि कागजमा धेरै देखिए पनि व्यवहारमा भने सीमित रह्यो । सहमति र सम्झौताहरू भए, संविधान संशोधनका प्रतिबद्धताहरू आए, तर कार्यान्वयन सधैं अधुरो रह्यो । नागरिकताको समस्या आज पनि पूर्ण रूपमा समाधान भएको छैन, प्रदेश सरकार अधिकारविहीन छन् र प्रतिनिधित्व संख्यामा सीमित भएर शक्ति संरचनामा पुग्न सकेको छैन । मधेशी जेन-जीले सामूहिक बार्गेनिङ फोर्स निर्माण गर्न सकेनन् । उनीहरूले नागरिकता, प्रदेश अधिकार, समावेशी नियुक्ति, संविधान संशोधनको स्पष्ट रोडम्याप जस्ता मुद्दा नेगोसिएसनको केन्द्रमा राख्नुपर्थ्यो, तर आन्दोलनको अस्पष्ट चरित्रका कारण ती मुद्दा प्राथमिकतामा परेनन् । यहींनिर उनीहरू चुके ।यसैबीच उदाएको जेन-जी आन्दोलन कुनै एक समुदाय, पहिचान वा क्षेत्रको आन्दोलन थिएन । यो पुस्तागत असन्तोषको अभिव्यक्ति थियो- भ्रष्टाचार, दण्डहीनता, बेरोजगारी, अवसरको असमानता र पुरानो राजनीतिक संस्कृतिप्रति विद्रोह । डिजिटल माध्यममा हुर्किएको यो पुस्ताले सडक र सामाजिक सञ्जाललाई एकसाथ प्रयोग गर्दै 'सिस्टम चेन्ज' को आवाज उठायो । जेन-जी आन्दोलनपछि नेपाल एक प्रकारको राजनीतिक संक्रमणकालमा प्रवेश गर्‍यो । सत्ता हल्लिएको जस्तो देखियो, तर संरचना जस्ताको तस्तै रह्यो । यस्ता संक्रमणकाललाई सामान्यत माग पूरा गराउने सबैभन्दा उपयुक्त समय मानिन्छ, किनकि राज्य दबाबमा हुन्छ । तर दबाबलाई उपलब्धिमा बदल्न स्पष्ट एजेन्डा, सामूहिक नेतृत्व र संस्थागत नेगोसिएसन चाहिन्छ । जेन-जी आन्दोलनमा यही पक्ष कमजोर देखियो ।

जेन-जी आन्दोलनको राप र तापपछि भएको निर्वाचनमा मधेशको नतिजाले सबैलाई अचम्मित बनायो । मधेशका ३२ निर्वाचन क्षेत्रमध्ये झन्डै ३१ क्षेत्रमा रास्वपालाई उल्लेख्य मत र समानुपातिकतर्फ करिब १३ लाख बढी मत प्राप्त हुनु सामान्य घटना होइन । तर, यहाँ प्रश्न उठ्छ, के मधेशले रास्वपालाई पूर्ण रूपमा स्वीकार गरेको हो ? कि विकल्पहीनताको बीचमा एउटा नयाँ अनुहार रोजेको मात्र हो ? अझ महत्त्वपूर्ण प्रश्न त यो छ- के रास्वपाले मधेश र मधेशका मुद्दा (पहिचान, नागरिकता र संघीयता) लाई आत्मसात् गर्न सक्छ ? रास्वपाको एजेन्डामा कतै पनि मधेशको ऐतिहासिक घाउ र समावेशिताको स्पष्ट मार्गचित्र देखिँदैन । यो मतको सदुपयोग मधेशको हितमा हुन्छ कि मधेशी जनमतलाई काठमाडौंको 'पपुलिजम' मा विलय गराइन्छ ? यो मधेशी जेन-जीका लागि गम्भीर परीक्षाको घडी हो ।

यही सन्दर्भमा मधेशी जेन-जीको प्रश्न उठ्छ । जेन-जी आन्दोलनमा मधेशले के पायो ? यथार्थ के हो भने मधेशले उपलब्धि होइन, अवसर मात्र पायो । आन्दोलनमा मधेशी युवाको सहभागिता देखियो, तर मधेशका मुद्दा आन्दोलनको केन्द्रीय एजेन्डा बन्न सकेनन् । जेन-जी आन्दोलनसँग जोडिएका सहमति वा संवादका कुनै पनि दस्तावेजमा मधेश, समावेशिता वा ऐतिहासिक बहिष्करणबारे ठोस उल्लेख छैन । यसले देखाउँछ कि जेन-जी आन्दोलनले मधेशको प्रश्नलाई 'सामूहिक मुद्दा' को रूपमा स्वीकार गर्न सकेन । जेन-जी आन्दोलनको नेगोसिएसन प्रक्रियामा मधेश औपचारिक पक्षको रूपमा उपस्थित देखिँदैन । मधेशी जेन-जीले सामूहिक बार्गेनिङ फोर्स निर्माण गर्न सकेनन् । उनीहरूले नागरिकता, प्रदेश अधिकार, समावेशी नियुक्ति, संविधान संशोधनको स्पष्ट रोडम्याप जस्ता मुद्दा नेगोसिएसनको केन्द्रमा राख्नुपर्थ्यो, तर आन्दोलनको अस्पष्ट चरित्रका कारण ती मुद्दा प्राथमिकतामा परेनन् । यहींनिर उनीहरू चुके । राज्यले मधेशसँग ८ र २२ बुँदे जस्ता धेरै सम्झौता गर्‍यो, तर ती सबै कार्यान्वयन नभई मन्त्रालयका दराजमा थन्किएका छन् । वर्तमान सरकारले पनि मधेशका मुद्दालाई 'बार्गेनिङ चिप्स' मात्र बनाउने त होइन ? सम्झौता गर्ने तर कार्यान्वयन नगर्ने राज्यको यो चरित्र 'जेन-जी' का लागि ठूलो धोका हो । अहिले १०० रुपैयाँभन्दा बढीको सामान ल्याउन नपाउने नियमले मधेशको रोटी-बेटीको सम्बन्ध र अर्थतन्त्रमाथि प्रहार गरेको छ । आफ्नै नागरिकलाई तस्कर जस्तो व्यवहार गर्ने यो नीति के 'सिस्टम चेन्ज' को उपहार हो ? त्यस्तै, संविधान संशोधनको बहस फेरि सुरु भएको छ, तर यो मधेशको अधिकारका लागि हो कि सत्ता कब्जा गर्ने दाउपेच ? यदि मस्यौदा समितिमा मधेशको प्रतिनिधित्व 'टोकनज्म' मा मात्र सीमित हुन्छ भने, त्यो संशोधनले मधेशको भावनालाई कदापि सम्बोधन गर्ने छैन । मधेशी जेन-जीको नेगोसिएसन आंशिक रूपमा असफल रहनुको कारण स्पष्ट छ- एजेन्डाको अस्पष्टता, नेतृत्वको अभाव र दीर्घकालीन रणनीतिक सोचको कमी । अबको बाटो आत्मसमीक्षाबिना सम्भव छैन । मधेशी जेन-जीले पहिचानको राजनीति र प्रणाली सुधारको राजनीति दुवैलाई जोड्नुपर्नेछ । आन्दोलनलाई केवल विरोधमा सीमित नराखी नीति, संविधान र सत्ता संरचनाभित्र हस्तक्षेप गर्ने दीर्घकालीन राजनीतिक यात्रामा रूपान्तरण गर्नुपर्नेछ । आन्दोलनको उचाइमा पुगेपछि पनि यदि आफ्नो ऐतिहासिक पीडा, अपूरा अधिकार र संरचनागत विभेदलाई स्पष्ट राजनीतिक एजेन्डामा रूपान्तरण गर्न सकिँदैन भने त्यो आन्दोलन केवल भावनात्मक विस्फोटमै सीमित हुन्छ । जेन-जी आन्दोलनले 'सिस्टम चेन्ज' को नारा त दियो, तर मधेशी जेन-जीले त्यस नाराभित्र आफ्नो पहिचान, अधिकार र राजनीतिक अस्तित्वलाई दृढताका साथ स्थापित गर्न सकेनन् । अब मधेशी जेन-जीका लागि आत्मदया होइन, निर्दयी आत्मसमीक्षा आवश्यक छ । अबको राजनीति न त केवल सडकको नाराबाट चल्छ, न त अरूको एजेन्डामा मिसिएर न्याय पाइन्छ । मधेशी जेन-जीले स्पष्ट रूपमा रोज्नुपर्छ, या त उनीहरू इतिहासले बारम्बार प्रयोग गरेर छोड्ने शक्ति बन्नेछन्, या त सत्ता, संविधान र नीति निर्माणको केन्द्रमै पुगेर आफ्ना अधिकार सुनिश्चित गर्ने राजनीतिक शक्ति । यही निर्णयले मधेशी जेन-जीलाई केवल प्रश्नको घेराबाट निकालेर नेपालको राजनीतिक उत्तर बनाउने कि नबनाउने तय गर्नेछ । निष्कर्षमा भन्नुपर्दा, मधेश आन्दोलनले अधिकारको चेतना जगायो, जेन-जी आन्दोलनले प्रणालीलाई प्रश्न गर्‍यो । तर मधेशी जेन-जीले यी दुई आन्दोलनको शक्ति जोड्न अझै बाँकी छ । अबको संघर्ष सडकमा मात्र होइन, नीति निर्माण, संस्थागत सुधार र सत्ता संरचनाभित्र न्याय खोज्ने संघर्ष हुनुपर्छ । यहींबाट मात्र मधेशी जेन-जी इतिहासको प्रश्न होइन, भविष्यको उत्तर बन्न सक्छ ।

सांभार : कान्तिपुर ।




## मोटरसाइकल हरायो

महोत्तरी जिल्लाको रामगोपालपुर नगरपालिका वडा नं.–५ मा पर्ने कंचनपुरबाट २०८३ साल बैशाख २१ गतेको राति मधेस प्र.०२–०१० प.४१७२ नम्बरको टिभिएस अपाचि आरटीआर १६० टुभि कालो रंगको तपसिलको मोटरसाइकल हराएको हुँदा पाउनुहुनेले नजिकको प्रहरी चौकीमा जानकारी गराई सहयोग गर्न हुन अनुरोध छ ।

**तपसिल**

**ईन्जिन नं.** : CE8KS2X18515
चेचिस नम्बर : MD634BE83S2K18932
मोडेल नम्बर : 2025

सम्पर्क मोबाइल नं. : 9814666445

# 'राष्ट्रिय पोषण लेखाजोखा अभियान' सुरु

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २३ बैशाख**

जनकपुरधाम उपमहानगरपालिकाले ६ महिनादेखि ५९ महिनासम्मका बालबालिकामा कुपोषणको अवस्था पहिचान गर्न 'राष्ट्रिय पोषण लेखाजोखा अभियान' सञ्चालन गरेको छ । 'समयमै पहिचान, सही उपचार कुपोषण मुक्त पुस्ताको आधार' भन्ने मूल नारासहित सुरु गरिएको यो अभियान बैशाख ३० गतेसम्म सञ्चालन हुने जनाइएको छ । उपमहानगरपालिका अन्तर्गतका २५ वटै वडामा रहेका २६ वटा स्वास्थ्य संस्था मार्फत बालबालिकाको पोषण अवस्था परीक्षण गरिनेछ ।

अभियान मार्फत बालबालिकामा देखिन सक्ने कुपोषणको समस्या समयमै पहिचान गरी आवश्यक उपचार सेवा सुनिश्चित गर्ने लक्ष्य राखिएको सामाजिक महाशाखाले जनाएको छ । स्वास्थ्यकर्मीहरू गाउँ टोलमै पुगेर बालबालिकाको पोषण जाँच गर्ने व्यवस्था मिलाइएको छ ।

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday